आज मिति २०७७ साल बैशाष १६ गतेका दिन लमही नगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी. ज्यू को अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उप-प्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | नारायणी |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | पार्वती |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १ | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ ५ नं. प्रदेश, नेपाल

टोपेन्द्रबहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## मिति २०७७।०१।१६ गते बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** यस लमही नगरपालिकाको लमही नगरपालिका स्तरीय परीक्षा संचालन सम्वन्धी कार्यविधी, २०७६ लाई संशोधन सहित स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. २ :** लमही नगरपालिकाको चालू आ.व.२०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास उपशाखा र पशु सेवा उपशाखा तर्फको वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका संसोधन सहित स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३ :** लमही नगरपालिकाको स्वास्थ्य शाखाको प्रस्तावना अनुसार चालू आ.व.२०७६/०७७ को नगर निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि औषधि तथा औषधिजन्य सामग्री खरीद कार्यक्रमको खर्च शीर्षक नं. २७२१३ मा स्वीकृत रकम रु. ३२,४५,०००।-(बत्तीस लाख पैंतालिस हजार) मध्येवाट देहाय बमोजिम हुने गरी रकम छुट्याई कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

क) जेष्ठ नागरिक तथा ५ वर्ष मुनिका वालवालिकाहरुको लागि औषधी तथा औषधीजन्य सामग्री खरिद को लागि रु. २७,४५,०००।-(सत्ताइस लाख पैंतालिस हजार)।

ख) लमही अस्पतालको लागि प्रयोगशाला सेवा, एक्सरे सेवा तथा अन्य सेवा वापतको सेवा शुल्क रकम सोध भर्नाको लागि रु. ५,००,०००।- (पाँच लाख) ।

**निर्णय नं. ४ :** लमही अस्पतालको प्रयोगशालाको लागि अति आवश्यक बायोकेमिस्ट्रि एनालाईजर मेसिन चालू आ.व.को स्वीकृत खर्च शिर्षक नं. ३११२२ को लमही अस्पतालका लागि मेशिनरी तथा औजार खरीद कार्यक्रमबाट खरीद गर्न स्वीकृति दिने ।

**निर्णय नं. ५ :** कोभिड १९ को संक्रमण नियन्त्रण गर्न नेपाल सरकारबाट घोषित लकडाउनका कारण प्रभावित यस लमही नगरपालिकाका चालू आ.व.का नगर तथा वडा स्तरीय योजना कार्यक्रमहरु मध्ये वडाका अत्यावश्यक र सम्पन्न नगरी नहुने खालका योजनाहरु लाई प्राथमिकतामा राखी वडामा २/३ वटा मात्र हुने गरी निश्चित समय छुट्याएर सामाजिक दुरी कायम हुनेगरी सञ्चालन गर्ने साथै त्यस्ता योजनामा वडाको सिफारिसमा दैनिक ज्याला मजदुरी गर्नेहरुलाई मास्क, पञ्जा, सेनिटाइजनर लगायतका सुरक्षात्मक प्रवन्ध मिलाई काममा लगाउने व्यवस्था गर्ने ।

नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ, ५ नं. प्रदेश, नेपाल

(हस्ताक्षर) ०७७/१/१६

टोपेन्द्रबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**निर्णय नं. ६ :** यस कार्यालयमा करारमा कार्यरत पाँचौ तहका कर्मचारी श्री पुष्पराज अधिकारीले हाजिरी गराई पाऊँ भनि मिति २०७७।०१।१२ मा दिएको द.नं. ४९९१ को निवेदनमा छलफल हुँदा निज सँग कार्यालयले करार सम्झौता गरी विगत केही बर्षदेखी सेवा करारमा काम लगाएको तर पटक-पटक निजले कार्यालयको हित विपरित काम गरेको र निजको कार्यसम्पादन समेत कार्यालयको हित प्रतिकूल देखिएको हुँदा मिति २०७६।१०।२७ गते देखी नगर प्रमुख र तत्कालिन प्रमुख प्रशासकीय अधिकृतको आदेशवाट कार्यालयमा हाजिर नगराउने निर्णय भएको साथै निज उपर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट छानविन टोली आई छानविन समेत भएको सन्दर्भमा निजलाई अव उपरान्त कार्यालयमा करारमा काम लगाउन उपयुक्त नहुने देखिएकोले निज कार्यालयमा हाजिर नभएको मिति २०७६।१०।२७ देखी नै लागु हुने गरी निजको सेवा करार थप नगर्ने र निजलाई हाजिर नगराउने ।

**निर्णय नं. ७ :** वडा प्रहरी कार्यालय लमहीको च.नं. १४२, मिति २०७७।०१।१४ को पत्रअनुसार उक्त कार्यालयको बा.१ भ्ह. १२३७ नं. को पिकअप मर्मत वापत प्राप्त हुन आएको विलको रकम रु. ४८,५६०।-(अट्चालीस हजार पाँच सय साठी) चालू आ.व.को मर्मत सम्भार खर्च शिर्षकबाट भूक्तानी दिने ।

**निर्णय नं. ८ :** कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण मा खटिने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु लाई उपस्थितीको आधारमा नेपाल सरकारले तोके वमोजिमको रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने, साथै, उक्त कार्यमा खटिने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु लाई कोभिड १९ बाट संक्रमित भएमा नि:शुल्क औषधी उपचार र संक्रमण रोकथाम तथा नियन्त्रण मा खटिने स्वास्थ्यकर्मीको मृत्यु भएमा निजको परिवारलाई राहत रकम उपलब्ध गराउने र लमही नगरपालिकाको रातोडाँडामा निर्माण गरिएको क्वारेन्टाइन तथा लमही बसपार्कको हेल्थ डेस्कमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई यातायात तथा खाजा खर्च स्वरुप उपस्थितीका आधारमा एकमुष्ट दैनिक रु. ५००।-(पाँच सय)का दरले प्रदान गर्ने ।

**निर्णय नं. ९ :** कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण मा खटिने एम्वुलेन्सलाई कोभिड १९ सम्वन्धीत विरामीहरुलाई अस्पताल, स्वास्थ्य संस्था वा क्वारेन्टाईनमा ल्याउदा लैजादा लाग्ने नियमानुसारको एम्वुलेन्स भाडा कोभिड राहत कोषबाट उपलब्ध गराउने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

दीपेन्द्रबहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १० : चालू आ.व. २०७६।०७७ मा यस लमही नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारीत सामुदायीक आयोजनाको लागि उपशिर्षक नं. ८०१०५१२५ मा संघिय सशर्त अनुदानमा आएको रकम रु ४० लाख ८६ हजार लाई तपसिल अनुसार बजेट बाँडफाँड हुने गरि आयोजना सञ्चालन गर्ने ।

क) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारीत सामुदायीक आयोजना संचालनकालागि प्राप्त बजेट वडा नं. १, २, ३, ५, ६, ७, ८ र ९ मा प्रत्येक वडामा न्युनतम् १/१ आयोजना पर्ने गरि पूर्व स्वीकृत आयोजनाहरु मध्यबाट प्राथमिकताक्रम अनुसार तपसिल बमोजिमका आयोजनाहरु छनोट गरि वडा नं. १, २, ३, ६, ७, ८ र ९ मा प्रति वडा अधिकतम् रु. ४ लाख ५० हजार र वडा नं. ५ को लागि ९ लाख ३६ हजार छुट्याई कार्यक्रम अगाडी बढाउने साथै वडा नं. ४ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत र प्राथमिकतामा परेको आयोजना अन्य स्रोतबाट सम्पन्न भइसकेकोले सो वडाका बेरोजगारहरु लाई वडा नं. ५ को आयोजनाको काममा लगाउने ।

**तपसिल**

| प्राथमिकताक्रम | आयोजनाको नाम | वडा नं. | कुल अङ्क |
|---|---|---|---|
| १. | पन्फकुवा देखि जगदीश चौधरीको घर सम्म बाटो पाटान | २ | ७९.७२ |
| २. | टिकुलीगढ र बन्नगाउँ जोड्ने बाटो स्तरोन्नति | ३ | ६९.३९ |
| ३. | उल्टहवा देखि झरानाहावा सम्मको कृषि सडक बिस्तार | ५ | ६५.०५ |
| ४. | रुने(चिसापानी) देखि प्रा.बी.सितालापुर जोड्ने करिब १.४ कि.मि. घोडेटो बाटो निर्माण | १ | ५८.५९ |
| ५. | कुलमोहरमा बाटो खोल्ने | ६ | ५६.२२ |
| ६. | सतबरिया कर्री कुलो मर्मत सम्भार | ८ | ५३.४८ |
| ७. | अर्जुनआधारभूत बिद्यालय हसनापुरको खेल मैदान निर्माण | ७ | ४९.७८ |
| ८. | बगार बाबा धार्मिक बिकास क्षेत्र भित्र पार्क निर्माण | ९ | ४८.६१ |

ख) नोवल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलन नदिन देशमा जारि लकडाउनका कारण उत्पन्न विषम परिस्थितिमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत र प्राथमिकतामा परेको आयोजना संचालन गर्दा दैनिक छाक टार्न समस्या परेका श्रमिक तथा विपन्न बेरोजगार व्यक्तिहरुलाई समेत फाराम भराई तत्काले EMIS मा प्रविष्ट गरि काममा लगाउने र त्यस्ता श्रमिकलाई ज्याला भुक्तानी गर्दा हालको परिस्थितिमा बैक खाता खोल्न सहज नभएकाले नगदै भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय ५ नं. प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner